# डुङ्गेश्वर गाउँपालिका
# स्थानीय राजपत्र

खण्ड : १६ संख्या : १७ मिति : २०७७।१०।२९

## भाग:१६

## डुङ्गेश्वर गाउँपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७७

**प्रस्तावना:**

स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकार लाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन् गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाच्छनीय भएकोले नेपालको संविधानको धारा २२१ बमोजिम सोही संविधानको अनुसूची-८ र अनुसूची-९ मा उल्लेखित स्थानीय सरकारको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम डुङ्गेश्वर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम डुङ्गेश्वर गाउँपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "आकस्मिक उपचार सेवा" भन्नाले बिरामीको जीवन खतरामा परेको वा कुनै अङ्ग अशक्त हुने अवस्थामा तत्कालै उपचार सेवा प्रदान गरी मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्मक सेवाहरु पर्दछन् ।

ख. "आधारभुत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पुर्तिका लागि राज्यबाट शुलभ रुपमा नि:शुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुन:स्थानपनात्मक सेवा सम्झनु पर्नेछ ।

ग. "ऐन" भन्नाले स्थानीय स्वास्थ्य सेवा ऐन, २०७७ लाई सम्झनु पर्नेछ ।

घ. "कार्यापालिका" भन्नाले डुङ्गेश्वर गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

ङ. "गैरसरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्र प्रचलित कानून बमोजिम सरकारको स्विकृति र संचालन अनुमति लिई गैहसरकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्नेछ ।

च. "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित काननु बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमानित प्राप्त व्यक्ति सम्झनु पर्नेछ ।

छ. "जंक फुड" भन्नाले फ्याट, चिनी, अजिना मोटो र अत्याधिक रङ्ग वा नुनको अत्याधिक मात्रा भएको प्रशोधित तयारी खाद्य सामग्री बुझ्नु पर्नेछ ।

ज. "स्वास्थ्य निरीक्षक" भन्नाले स्वास्थ्य सम्बन्धी अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनु पर्नेछ ।

झ. "गाउँपालिका" भन्नाले डुङ्गेश्वर गाउँपालिका सम्झंनु पर्नेछ ।

ञ. "गाउँपालिकाको क्षेत्र" भन्नाले गाउँपालिकाको भू-भाग सम्झनुपर्छ ।

ट. "निर्देशिका" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका सम्झनु पर्नेछ ।

ठ. "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

ड. "सरकारी स्वास्थ्य संस्था" भन्नाले डुङ्गेश्वर गाउँपालिकाको क्षेत्रभित्र सरकारले संचालन गरेका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई सम्झनु पर्नेछ ।

ढ. "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदबाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्नेछ र सो शव्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

ण. "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्नेछ।

त. "स्वास्थ्यमा प्रत्यक्ष रुपमा प्रतिकुल असर" भन्नाले सम्बन्धीत गतिविधिको प्रत्यक्ष नतिजा स्वरुप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नु पर्नेछ।

थ. "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्था( लाई जनाउँछ।

द. "शाखा" भन्नाले गाउँ कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्नेछ।

## परिच्छेद-२

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

**१.आधारभूत स्वास्थ्य सेवा** : (१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पहुँच हुनेछ।

(२) प्रत्येक नागरिकलाई नेपाल सरकारले तोकेका देहाय बमोजिमका शिर्षकका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने हक हुनेछ।

(क) खोप सेवा,

(ख) नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन, पोषण सेवा सुरक्षित मातृत्व सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) लागूऔषध तथा दुर्व्यशन व्यवस्थापन सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(ज) सामान्य आकस्मिक अस्वस्थताको सेवा,

(झ) स्वास्थ्य प्रवर्द्धन सेवा,

(ञ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ट) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(ठ) नेपाल एच.आई.भि.संक्रमितहरुका लागि सामुदायिक हेरचाह केन्द्र,

(ड) नसर्ने रोग न्युनिकरणका लागि फिटनेस सेन्टर/योग केन्द्र,

(३) संघीय सरकारले निर्धारण गरेको आधारभूत तथा उपचारात्मक स्वास्थ्य सेवा मापदण्ड, सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह सम्वन्धी अन्य व्यवस्था र प्रक्रिया बमोजिम कार्यपालिकाले उपदफा (२) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ।

(४) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी स्वास्थ्य सेवाको सूची थप गर्न सकिनेछ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवासमेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ।

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायक:** (१) गाउँपालपिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा सामुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ।

(क) सामुदायिक स्वास्थ्य केन्द्र,

(ख) स्वास्थ्य चौकी,

(ग) गाउँ अस्पताल,

(घ) रक्त संचार केन्द्र,

(ङ) आयुर्वेदिक औषधालय,

(च) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी,

(छ) सामुदायिक अस्पताल,

(ज) गाउँ स्वास्थ्य प्रवर्द्धन केन्द्र/जनता स्वास्थ्य केन्द्र,

(झ) गाँउघर क्लिनिक,

(ञ) क्षयरोग/कुष्ठरोग उपचार केन्द्र,

(ट) पोषण पुर्नस्थापना केन्द्र,

(ठ) एच.आई.भि. संक्रमितहरुका लागि सामुदायिक हेरचाह केन्द्र,

(ड) नसर्ने रोग न्यूनिकरणका लागि फिटनेस सेन्टर/योग केन्द्र ।

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यकता अनुसार गाउँपालिकाले निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासँग सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(३) गाउँपालिपकाभित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनी संझौता गरिएका स्वास्थ्य संस्थामा कुनैपनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन् ।

३. **गाउँपालिका स्वास्थ्य शाखा:** (१) आधारभूत स्वास्थ्य सेवा तथा ऐन, बमोजिम स्वास्थ्य सम्बन्धी गाउँपालिकाको अन्य गतिविधि सञ्चालन गर्नका लागि गाउँ कार्यपालिकाको मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार इकाईहरु बनाउन सक्नेछ ।

## परिच्छेद-३
## स्वास्थ्य संस्था स्थापना तथा संचालन

१. **स्वास्थ्य संस्था स्थापना र संचालन:** (१) गाउँपालिकाको क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि गाउँ कार्यपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ ।

(क) १० सैंयाको अस्पताल,

(ख) सामुदायिक स्वास्थ्य केन्द्र,

(ग) स्वास्थ्य चौकी,

(घ) सामुदायिक इकाई,

(ङ) आयुर्वेदिक औषधालय,

(च) रक्त संचार केन्द्र,

(छ) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी,

(ज) सामुदायिक क्लिनिक,

(झ) गाउँ स्वास्थ्य प्रवर्द्धन केन्द्र/जनता स्वास्थ्य केन्द्र,

(ञ) गाउँघर क्लिनिक,

(ट) क्षयरोग/कुष्ठरोग उपचार केन्द्र,

(ठ) पोषण पुर्नस्थापना केन्द्र,

(ड) एच.आई.भि.संक्रमितहरुका लागि सामुदायीक हेरचाह केन्द्र,

(ढ) तोकिए बमोजिम अन्य स्वास्थ्य संस्था,

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मापदण्ड संघिय सरकारले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरु स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) गाउँपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्नेछ ।

(५) हरेक स्वास्थ्य संस्थाले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक पर्ने औषधिहरू सुपथ मुल्यमा उपलब्ध गराउँनुपर्नेछ ।

(६) औषधि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

**२. स्वास्थ्य संस्था व्यवस्थापन:** (१) गाउँपालिकाको स्वामित्वमा रहेका संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

क. सम्वन्धित वडाको अध्यक्ष वा वडाअध्यक्षले तोकेको वडा सदस्य -अध्यक्ष

ख. महिला सदस्य मध्येबाट वडा समितिले तोकेको एकजना महिला सदस्य -उपाध्यक्ष

ग. वडा समितिले छनोट गरेको सामजिक/स्वास्थ्य/शिक्षा क्षेत्रमा क्रियाशिल

स्थानीय व्यक्तिहरु मध्ये कम्तिमा एक जना दलितको प्रतिनिधित्व हुने गरी दुई जना महिला सहित ४ जना -सदस्य

घ. सम्बन्धित स्वास्थ्य संस्था प्रमुख,-सदस्य-सचिव

(२) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) गाउँपालिकाको प्रमुख/उपप्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन् ।

(४) व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र सो सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३. स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्ने:** (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चित गरी गाउँपालिकाको क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी वा सहकारी संस्थालाई गाउँ कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ ।

क. जनरल/प्राथमिक अस्पताल

ख. नर्सिङ होम

ग. निदान केन्द्र

घ. क्लिनिक

ङ. औषधि पसल

च. आयुर्वेदिक पसल

छ. पुर्नस्थापना केन्द्र

ज. पोलिक्लिनिक

झ. मेडिकल ल्याव र डायग्नोष्टिक सेवा

ञ. सामुदायिक स्वास्थ्य हेरचाह केन्द्र

ट. नसर्ने रोग न्युनिकरणका लागि फिटनेस सेन्टर

(२) इजाजतपत्र प्राप्त नगरी गैरसंरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्य सँग सम्बन्धित कुनैपनि कार्य गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नुपर्ने दस्तुर गाउँ

कार्यपालिकाले तोकिए बमोजिमको हुनेछ ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रक्रियाका साथै नेपाल सरकारले तोकेको मापदण्ड समते पुरा भएको हुनुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व गाउँपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको १५ (पन्ध्र) दिनभित्र आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिकालाई एक महिनाभित्रमा सिफारिस गर्नुपर्नेछ ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको मासिक/वार्षिक प्रतिवेदन (HMIS/DHIS–2) गाउँपालिका समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ । साथै मासिक/वार्षिक प्रतिवेदन (HMIS/DHIS–2) नियमित रुपमा नबुझाएमा नवीकरण तथा सिफारिस गरिने छैन ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिकाको क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(९) यो ऐन जारी हुनुअघि गाउँपालिकाको क्षेत्रभित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरु ऐन, जारी भएको मितिले तीन महिनाभित्र कार्यालयमा अनुमति लिई दर्ता गराउनुपर्नेछ ।

(१०) परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रक्रिया अनुरुप सेवा संचालन स्वीकृत लिनुपर्नेछ ।

**४. दर्ता सिफारिस लिनुपर्नेः** (१) गाउँपालिकाको क्षेत्रभित्र प्रादेशिक वा सङ्घीय तहमा ईजाजतपत्र लिई वा दर्ता भई संचालन हुने निजी स्तरका स्वास्थ्य संस्थाले स्थापना, संचालन र नवीकरणको लागि कार्यपालिकाबाट सेवा संचालन पूर्व अनुमति वा दर्ता नवीकरण सिफारिस लिनुपर्नेछ ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत शैयामा अनिवार्य रुपमा गाउँपालिकाले सिफारिस गरेका असहाय, गरिब तथा विपन्न नागरिकको निःशुल्क शैया र संस्थाभित्र प्राप्त हुने ल्याव

परीक्षण निःशुल्क गर्नुपर्नेछ।

## परिच्छेद-४

## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

**१. गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने:** (१) गाउँपालिकाले क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गुणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ।

(२) गाउँपालिकाको क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ।

**२. अनुगमन गर्ने:** (१) कार्यपालिकाको अनुगमन समितिले दफा-८ बमोजिम संचालन अनुमति लिई गाउँपालिकाको क्षेत्रभित्र संचालनमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको चौमासिक अनुगमन, निरीक्षण तथा मूल्याङ्कन चेकलिष्ट तयार गरी सोही अनुसार गर्नेछ।

(२) गणुस्तरियता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनगुमन समिति बनाई जनुसुकै बेला पनि नियमन, निरीक्षण र अनुगमन गर्नसक्नेछ।

(३) उपदफा (१) बमोजिम अनगुमन निरीक्षण गर्दा गाउँपालिकाको प्रतिनिधिका साथै तोकिएको योग्यता भएको विज्ञ सम्मिलित अनुगमन समिति मार्फत गर्नेछ। विज्ञ उपलब्ध गराउन सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थाह(रुसँग सहकार्य गर्न सक्नेछ।

(४) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाइएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुगमन समितिले गरेका काम कारवाही सिफारिसमा आफ्नो रायसमेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ।

(६) निरीक्षण, अनुसन्धान तथा अनगुमनबाट प्राप्त नतिजाको आधारमा संस्था स्थापना र संचालनको स्वीकृति दिने निकायले आवश्यक निर्देशन दिन

सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेको कारण स्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्नेसम्मको आदेश दिन सक्नेछ ।

(७) गाउँपालिकाको स्वास्थ्य क्षेत्रभित्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदनसमेत सम्मिलित वार्षिक प्रतिवेदन तयार गर्नेछ । यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको छ महिनाभित्र गाउँकार्यपालिकाले गाउँसभामा पेश गरी छलफल गर्नेछ ।

३. सेवा शुल्क निर्धारण र पुनरावलोकनः (१) गाउँ कार्यपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार गाउँपालिकाको क्षेत्रभित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सो को कार्यान्वयन भए नभएको नियमित अनगुमन गर्नेछ ।

(२) कुनैपनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकुल नहुने गरी आफ्नो सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई गाउँ कार्यपालिकालाई पूर्व जानकारी गराउनेछ । यसरी निर्धारित शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नेछ ।

## परिच्छेद-५

## सरसफाई, स्वास्थ्यजन्य फोहोर व्यवस्थापन तथा स्वस्थ्य वातावरण

१. **सरसफाई तथा प्रदुषण रोकथामः** (१) कुनैपनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर गाउँ कार्यपालिकाले तोकेको स्थानबाहेक अन्यत्र फ्याक्न पाइने छैन । यसका लागि गाउँ कार्यपालिकाले उपयुक्त प्रक्रिया र विधि निर्धारण गर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनी प्रदुषण रोकथाम गर्नु गाउँपालिका क्षेत्रका सबै बासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(३) गाउँ कार्यपालिकाले स्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनी प्रदुषणको रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(४) स्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनी प्रदुषण गरेको पाइएमा गाउँ कार्यपालिकाले प्रचलित कानुन बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) गाउँ कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी कार्यविधी र निर्देशिका बनाई लागु गर्नेछ ।

(६) फोहोर मैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित स्वास्थ्य अधिकारीसँग हुनेछ ।

(७) जाँच परीक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित स्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ ।

**२. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन:** (१) स्वास्थ्य सम्बन्धी फोहोर मैलाको छुट्टाछुट्टै संकलन, पुनःउपयोग, प्रशोधन, बिसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमनको लागि गाउँ कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ ।

(२) गाउँ कार्यपालिकाले स्वास्थ्य, क्षेत्रबाट निष्काशित फोहोर मैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसँग समेत सहकार्य र साझेदारी तोकिएका बमोजिम हुनेछ ।

## परिच्छेद-६

## स्वास्थ्य निरीक्षण र प्रवर्द्धन

**१. स्वास्थ्य निरीक्षण:** (१) गाउँ कार्यपालिकाले स्वास्थ्यमा प्रतिकुल असर पार्ने गतिविधि र बस्तुबाट आमजनतालाई सुरक्षित गर्नका लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावणीय, पानीलगायत स्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनगुमन तथा निरीक्षण गर्न गाउँ कार्यपालिकाले संघ तथा प्रदेश सँगको समन्वयमा आवश्यक मात्रामा स्वास्थ्य निरीक्षकहरू परिचालन गर्न सक्नेछ ।

(३) स्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको दफा १३ र १४ को उल्लंघन गरी स्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा स्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त

गतिविधि तत्काल बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ।

**२. खाद्य तथा पानीको गुणस्तरः** (१) कार्यपालिकाले संघीय र प्रादेशिक मापदण्डको आधारमा गाउँपालिकाको क्षेत्रभित्र विक्री वितरण हुने खाने पानी तथा खाद्य सामाग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपुर्तिकर्ताको मापदण्ड बनाई लागू गर्नेछ।

(२) गाउँ कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तरिय मापदण्डको साथै त्यसका विक्रेता वा आपुर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ।

(३) गाउँ कार्यपालिकाले नियमित रूपमा मापदण्ड पालना भए नभएको सन्दर्भमा स्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) गाउँ कार्यपालिकाले योजना बनाई गाउँपालिकाको क्षेत्रभित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्वन्धी चेतनामुलक कार्यक्रम संचालन गर्नेछ।

(५) गाउँ कार्यपालिकाले गाउँपालिकाको क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण र अनुगमन गर्नेछ।

(६) गाउँ कार्यपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकुल हुने रसायनको प्रयोगको अनगुमन तथा नियन्त्रण गर्नेछ।

(७) खाद्यान्न, मासु र पानीलगायतका उपभोग्य बस्तु उत्पादन, भण्डारण तथा बिक्री बितरणका क्रममा तोकिए बमोजिमको न्युनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्नेछ। यसरी तोकिएका मापदण्डहरु गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरी बिक्री वितरण गर्ने निकायहरुलाई समेत लागु हुनेछ।

(८) यस दफामा उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित स्वास्थ्य अधिकारीसँग हुनेछ। यसरी जाँच परीक्षण गर्दा निरीक्षण संघीय सरकार तथा प्रदेश सरकारले तोकेको मापदण्डलाई समे त आधार बनाउनुपर्दछ।

(९) जाँच परीक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव

स्वास्थ्यमा प्रतिकुल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित स्वास्थ्य अधिकारीले उक्त संस्थाको संचालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

**३. अखाद्य पदार्थ, मदिरा तथा सुर्तिजन्य पदार्थको नियमन :**

(१) गाउँ कार्यपालिकाले सुर्ति, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको बिक्री तथा वितरणलाई नियमन, नियत्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यानवयन गर्नेछ ।

(२) सुर्ती तथा मदिरा जन्य पदार्थ विक्री वितरण गर्न गाउँ कार्यपालिकाबाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ ।

(३) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ति तथा मदिरा जन्य पदार्थ विक्री वितरण गर्न बन्देज लगाउनेछ ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण र प्रयोगमा नियन्त्रण एवं न्युनिकरण गर्न गाउँ कार्यपालिकाले निषेधित र विक्री वितरणका लागि खुला क्षेत्र तोक्नेछ ।

(५) गाउँपालिका क्षेत्रभित्र मदिरा, चुरोट, सुर्तिलगायत मानव स्वास्थलाई गम्भीर असर पर्ने सामग्रीको विज्ञापन गर्न पाईने छैन ।

(६) अठार वर्ष मुनिका बालबालिका, गर्भवती र सुत्केरी महिलालाई सुर्तिजन्य वा मदिरा जन्य पदार्थ विक्री वितरण गर्न पाईने छैन ।

(७) विद्यालयलगायतका स्थानमा जंकफुडको विक्री वितरण, प्रचार र उपभोग निषेधित र उपभोग निषेधित गरिनेछ । निषेधित क्षेत्रमा जंक फुडको विक्री, वितरण, वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ ।

८) विद्यालय, स्वास्थ्य क्षेत्र तथा सार्वजनिक क्षेत्रको एक सय मिटर वरपर मदिरा तथा सुर्तिजन्य पदार्थ विक्रि वितरण गर्न पाईने छैन ।

९) होटल, रेष्टुरेन्ट, खुद्रा मदिरा पसललगायत तोकिएका स्थानमा साँझको ५ (पाँच) बजेअघि र रातको ९ (नौ) बजेपछि मदिराजन्य पदार्थ खुद्रा विक्री वितरण तथा सेवन गर्न पाईने छैन ।

१०) मदिरा तथा सुर्तिजन्य पदार्थ र अन्य सामाग्रीको वितरण एकै स्थानमा गर्न पाईने छैन।

## परिच्छेद-७
## स्वास्थ्य पुर्वाधार र जनशक्ति व्यवस्थापन

**१. स्वास्थ्य पुर्वाधार र मापदण्डः** (१) गाउँ कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पुर्वाधारको संरक्षण र सम्वर्द्धन गर्नेछ।

२) पुर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाका पुर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्नेछ।

३) गाउँ कार्यपालिकाले गाउँपालिकाको स्वामित्वमा रहेका स्वास्थ्य संस्था हरुमा स्वास्थ्यको वर्गिकरण तथा पुर्वाधार मापदण्ड अनुसार न्युनतम औजार-उपकरणहरुको उपलब्धता सुनिश्चित गर्नेछ।

**२. जनशक्तिको व्यवस्थापनः** (१) गाउँपालिकाको क्षेत्रभित्रका स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा प्रभाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

क. स्थायी, ख. करार,
ग. अभ्यासकर्ता/अनुसन्धानकर्ता,
घ. स्वयमसेवक/स्वयमसेविका/स्वास्थ्य आमा समूह,

२) गाउँ कार्यपालिकाले स्वीकृत संरचना अनुरुपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपुर्ति गर्नेछ।

(३) गाउँ कार्यपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ।

४) गाउँपालिकाको क्षेत्रभित्र स्वास्थ्यकर्मीहरुको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ।

(५) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनले तोकिए बमोजिम हुनेछ।

**३. कार्यसम्पादन करार गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन

कार्यपालिकाले कार्यविधि बनाई कर्मचारीहरुसँग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्न सक्नेछ ।

## परिच्छेद-८

## विपद व्यवस्थापन र स्वास्थ्य निगरानी

१. **विपद व्यवस्थापन संयन्त्रः** (१) गाउँ कार्यपालिकाले सम्भावित महामारी लगायतका स्वास्थ्य विपदहरुको पूर्व तयारी, जाँच पड्ताल, व्यवस्थापन र जोखिम न्युनीकरणको लागि उपयुक्त संयन्त्रसहितको प्रबन्ध गर्नेछ ।

२) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि संस्था तथा अन्य निकायसँगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ ।

३) गाउँपालिकाले महामारी र विपदबाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ ।

२. **स्वास्थ्य आपतकालः** (१) महामारी वा स्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा प्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी स्थानीय स्वास्थ्य अधिकारीको सिफारिसमा आफ्नो क्षेत्रभित्र स्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम आपतकालिन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सोसमेत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

३) आपतकालिन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार-प्रचार गर्नुपर्नेछ ।

४) आपतकालिन स्वास्थ्य अवस्थाको समयावधी क्षेत्रलगायत अन्य पक्षहरुमा उपलब्ध तथ्याङ्क तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ ।

५) स्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र स्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि स्वास्थ्य अधिकारीको सिफारिसमा प्रमुखले जारी गरेका स्वास्थ्य सम्बन्धी आदेशहरुको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद-९

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

**३. औषधि खरिद तथा भण्डारण, वितरण सम्वन्धी व्यवस्थाः** (१) गाउँपालिकाले निःशुल्क वितरण गर्ने वा फार्मेसीमार्फत विक्री गर्ने औषधिको सूची निर्धारण गरी औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद भण्डारण र वितरणको लागि गाउँ कार्यपालिकाले वार्षिक खरिद योजना बनाउनेछ।

(२) उपदफा (१) बमोजिमको औषधि खरिद गर्दा सार्बजनिक खरिद ऐन र औषधि सम्वन्धि प्रचलित ऐन, कानून बमोजिम हुनेछ।

(३) गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा औषधीको खरिद, आपुर्ति, भण्डारण तथा विक्री गरिने औषधिको हकमा मुल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

**४. निःशुल्क औषधिः** (१) गाउँपालिकाले निःशुल्क औषधि खरिद, आपुर्ति, भण्डारण तथा विक्री गरिने औषधिको हकमा मुल्य निर्धारणको लागि निर्देशिका बनाई वितरण गर्नेछ।

**५. नियमनः** (१) गाउँ कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानुनसमेतलाई आधार मानि गाउँपालिकाको क्षेत्रभित्र औषधिको विक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ।

## परिच्छेद-१०

## साझेदारी र सहकार्य

**६. साझेदारी र सहकार्य गर्न सक्नेः** (१) गाउँ कार्यपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न सक्ने तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी, सरकारी तथा गैरसरकारी संस्था तथा निकायसँग-सहकार्य गर्न सक्नेछ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणको लागि गाउँ कार्यपालिकाले अन्य स्थानीय सरकारसँग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको

पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिमको सहकार्य गर्न गाउँ कार्यपालिकाले अन्य गाउँपालिकासँग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बाडँफाँड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ।

**७. सेवा खरिद सम्झौता गर्न सक्ने:** गाउँपालिकाको क्षेत्रका बासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि गाउँ कार्यपालिकाले गाउँपालिकाको क्षेत्रभित्र संचालित वा गाउँपालिकाको आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासँग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

**८. विद्यालय स्वास्थ्य सेवा:** (१) गाउँपालिकाले शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्नेछ।

(२) विद्यालय स्वास्थ्य सेवा विद्यालय नर्स सम्बन्धी व्यवस्थापनको मापदण्डहरु गाउँ कार्यपालिकाले तोके बमोजिमको हुनेछ।

**९. घुम्ती शिविर सम्बन्धी व्यवस्था:** (१) स्वास्थ्य सम्बन्धि घुम्ति शिविर वा सेवाहरु सञ्चालन गर्न शाखाबाट पूर्व अनुमति लिनुपर्नेछ।

(२) घुम्ति स्वास्थ्य शिविर वा सेवा प्रदान गर्दा पुरा गर्नुपर्ने प्रकृया र मापदण्ड गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१०. गर्भवती महिलासँग उपाध्यक्ष कार्यक्रम :** (१) डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्रका गर्भवती महिलासँग पोषण सेवा कार्यक्रम, चिकित्सकीय सेवा कार्यक्रम, शिविर संचालन कार्यक्रम जस्ता कार्यक्रमहरु गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद-११

## स्वास्थ्य सुचना प्रणाली र स्वास्थ्य प्रविधि, तथ्यांक र अभिलेख

**११. तथ्याङ्क संकलन र अभिलेखीकरण:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा घर

परिवार तहसम्मको स्वास्थ्य सम्बन्धी तथ्याङ्क र अभिलेख संकलन गरी नियमित रुपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोरा रोग, बिरामी तथा सेवा सम्बन्धी तथ्यांक र अभिलेख गाउँ एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्नेछ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(४) गाउँपालिकाको इजाजतपत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसँग सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुरक्षित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा गाउँपालिकाको दायित्व हुनेछ ।

(५) गाउँपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचाङ्कहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

(६) गाउँ कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनेछ ।

(७) शाखाले आवधिक रुपमा गाउँ स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

(८) आपतकालिन स्वास्थ्य समस्याको सूचना तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

१२. जानकारी पाउने हक: बिमारीलाई आफ्नो उपचार सम्बन्धी सम्पूर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद-१२
## आकस्मिक स्वास्थ्य सेवा

**१३. आकस्मिक सेवा:** (१) गाउँपालिकाको क्षेत्रमा संचालित कुनैपनि स्वास्थ्य संस्थामा कुनैपनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनैपनि व्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एवं स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गिकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि गाउँपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ ।

**१४. एम्बुलेन्स सेवा:** (१) गाउँपालिकाकोले आफ्नै स्रोतबाट वा अन्य संस्था सँगको सहकार्यमा एम्बुलेन्स सेवा संचालन गनेछ ।

(२) स्वास्थ्य शाखाले गाउँपालिकाको क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू नेपाल सरकार/स्थानीय तहले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरु संचालकले शाखामा दर्ता तथा वार्षिक नविकरण गराउनुपर्नेछ। साथै दररेट गाउँपालिकाकोले तोके बमोजिम हुनेछ ।

(४) गाउँपालिकाले अन्य स्थानीय सरोकारवालाहरुसँगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

## परिच्छेद-१३
## प्रेषण तथा उपचार प्रणाली

**१५. प्रेषण तथा उपचार प्रणाली:** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा स्वास्थ्य संस्थाले बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नपुर्नेछ ।

(३) गाउँ कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ ।

४) विपन्न नागरिक उपचार सहयोग संघ, प्रदेश र स्थानीय तहले तोके बमो जिम हुनेछ ।

## परिच्छेद–१४

## कसुर र दण्ड सजाय

**१६. कसुर र दण्ड सजायः** (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन, अन्तर्गतको कसूर गरेको मानिनेछ ।

क. दफा ८ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था संचालन गरेमा,

ख. स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

ग. स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

घ. दफा ४७ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

ङ. सेवाग्राहीको गोपनियता कायम नगरेमा,

च. स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

छ. स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनुपर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

ज. स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

झ. स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

ञ. यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

ट. दफा १६ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण स्वास्थ्यमा प्रतिकुल प्रभाव पारेमा,

ठ. दफा १७ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

ड. यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा,

ढ. स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS/DHIS–2) प्रतिवेदन मासिक/वार्षिक रुपमा नगरेमा,

ण. स्वास्थ्य उपचार उपलब्ध गराउने क्रममा सेवा प्रदायक र सेवा प्रदायक संस्थामा कानुन विपरितका कार्यहरु (हातपात, दुर्व्यवहार, तोडफोड) गरेमा,

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा संघीय स्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुने,

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (ञ), (ट), (ड) र (ढ) बमोजिमको कसुर गरेमा दश हजार देखी पचास हजारसम्म जरिवाना हुनेछ ।

(४) उपदफा (१) को खण्ड (ठ) बमोजिमको कसुर गरेमा विज्ञापन प्रशारण गर्नेलाई दश हजार रुपैयाँ जरिवाना हुनेछ ।

**१७. मुद्दा हेर्ने अधिकारी:** यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारवाही र किराना गर्ने अधिकार गाउँपालिका उपाध्यक्षलाई रहनेछ ।

**१८. पुनरावेदन:** यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दामा उपाध्यक्षले गरेको निर्णय उपर ३५ (पैंतिस) दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद-१५
## स्थानीय स्वास्थ्य बोर्ड

**१९. स्थानीय स्वास्थ्य बोर्डको गठन:** (१) गाउँपालिकाले स्वास्थ्य सरोकारवाला निकायको उच्च अधिकारीहरुसँग तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको स्वास्थ्य परिषद् वा बोर्ड स्थापना गर्नेछ ।

| | |
|---|---|
| क. गाउँपालिका प्रमुख | -अध्यक्ष |
| ख. गाउँपालिका उपप्रमुख | -उपाध्यक्ष |
| ग. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ. सामाजिक विकास समिति संयोजक | - सदस्य |
| ङ. गाउँकार्यपालिका सदस्य मध्ये एक जना महिला सदस्य | -सदस्य |
| च. कानुन शाखा प्रमुख वा कानुनी सल्लाहकार | - सदस्य |
| छ. १० सैंया अस्पताल/प्रदेश अस्पतालको मे.सु. | - सदस्य |
| ज. गाउँ शिक्षा शाखा प्रमुख | - सदस्य |
| झ. स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

(१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

बोर्डले देहायका कार्य गर्नेछ :-

क. स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्वर्द्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

ख. स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक विवरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

ग. राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

घ. जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागू गर्न सम्वन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन, समन्वय तथा अनुगमन गर्ने,

ङ. रोगहरुको रोकथाम, प्रवर्द्धनात्मक कार्यलगायत स्वास्थ्यको सुधार सम्बन्धी कुनैपनि विषयमा प्रदेश तथा संघीय सरकारसँग आवश्यक सहयोग तथा परामर्श लिने,

च. तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा स्वास्थ्य संस्थाले बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नपुर्नेछ ।

(३) गाउँ कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ ।

४) विपन्न नागरिक उपचार सहयोग संघ/प्रदेश र स्थानीय तहले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-१६

## विविध

१. **समन्वय गर्ने:** राष्ट्रिय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुऱ्याउने ।

२. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिक( ले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

३. **मापदण्ड र निर्देशिका बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड र निर्देशिका बनाउन सक्नेछ ।

**४. स्वास्थ्य कार्यक्रम संचालन गर्ने:** गाउँ कार्यपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यान्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य/स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनस्थापना सम्बन्धी कार्यक्रमहरु संचालन गर्न सक्नेछ।

**५. आमा तथा शिशु सुरक्षा कार्यक्रम संचालन गर्ने:** (१) गाउँ कार्यपालिकाले गर्भवती महिला, आमा र शिशुको लागि पोषण तथा स्वास्थ्य सुरक्षा कार्यक्रमको संचानल र प्रवर्द्धन गर्नेछ।

(२) गाउँ कार्यपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्नेछ।

(३) गाउँ कार्यपालिकाले योजना बनाई गाउँपालिकाको क्षेत्रभित्र कुपोषणको पहिचान, न्यूनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनस्थापनाको कार्यक्रम संचालन गर्नेछ।

**६. सामाजिक सुरक्षा र स्वास्थ्य बिमा:** (१) गाउँपालिकाको क्षेत्रका सबै बासिन्दालाई स्वास्थ्य बिमा ऐनले तोके बमोजिम अनिवार्य बिमामा आवद्ध गराउनु गाउँ कार्यपालिकाको दायित्व हुनेछ।

(२) गाउँ कार्यपालिकाले सम्बन्धित निकायसँगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धि जनचेतना कार्यक्रम संचालन गर्न सक्नेछ।

(३) गाउँ कार्यपालिकाले आर्थिक रुपले विपन्न तथा तोकिएका अन्य लक्षित समूहको स्वास्थ्य बिमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरुसँग समन्वय गर्नेछ।

४) महिला, बालबालिका, किशोर-किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक, सामाजिक र शैक्षिक रुपमा विपन्न वर्ग र अन्य लक्षित समूहहरुका लागि कार्यविधि बनाई गाउँ कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सकनेछ।

(५) गाउँ कार्यपालिकाले विशेष संरक्षणको आवशकता भएका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र अन्य लक्षित समूहहरुका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ।

**७. अधिकार प्रयोग गर्न सक्ने:** यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरु गाउँ कार्यपालिकाले प्रयोग गर्न सक्नेछ।

**८. सेवाग्राहीको कर्तव्य:** (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मी लाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु गाउँपालिकाका भित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईने छैन। यस्ता व्यक्तिहरुको बारेमा गाउँ कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजिकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ।

**९. सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्व:** (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि बिरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ।

**१०. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने:** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएको ले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन।

**११. गुनासो व्यवस्थापन:** गाउँ कार्यपालिकाले स्वास्थ्य सेवा, सरसफाई र स्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ।

**१२. प्रचलित कानुन बमोजिम हुने:** यस ऐनमा लेखिएका विषयमा यसै ऐन अनुसार हुने र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१३. **क्षतिपूर्ति दिनुपर्ने:** गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रुपमा प्रतिकुल असर गरेमा वा समयमा सेवा नदिएमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ ।

१४. **खारेज र बचाउ:** यो ऐन लागू हुनुपूर्व गाउँपालिका अन्तर्गत संचालित क्रियाकलाप यसै बमोजिम भए गरेको मानिने छ ।

**आज्ञाले**

**प्रेम बहादुर डिसी**

**प्रमुख प्रशासकीय अधिकृत**